## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल चैत्र १७ गते आइतबारको बैठकबाट भएका निर्णयहरु

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको पाँचौं अधिवेशन मिति २०८१/१२/१८ गते सोमबार राती १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।</td></tr>
<tr><td>२.</td><td>आन्तरिक तथा कानून मन्त्रालय</td><td>कर्णांली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. २७२१२ को क्रियाकलाप संकेत नं. ७.२.८.१३ मा विनियोजित रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने।</td></tr>
<tr><td>३.</td><td>आन्तरिक तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रममा खर्च शीर्षक नं. २७२१२ को क्रियाकलाप संकेत नं. ७.२.८.२० मा विनियोजित रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने।</td></tr>
<tr><td>४.</td><td>आन्तरिक तथा कानून मन्त्रालय</td><td>विक्रम सम्वत् २०८१/१२/१२ गते धान दिवसको अवसरमा जुम्ला जिल्लामा मात्र विदा दिने गरी माननीय मुख्यमन्त्री/मन्त्रीस्तरीय मिति २०८१/१२/११ मा भएको निर्णय अनुमोदन गर्ने।</td></tr>
<tr><td>५.</td><td>आन्तरिक तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश भित्र सम्वत् २०८२ सालमा निम्न दिनहरूमा सार्वजनिक विदा दिने र सोको सूचना राजपत्रमा प्रकाशन गर्ने।
<table>
<tr><th>क्र.स</th><th>पर्व विदाहरू</th><th>मिति</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">राष्ट्रिय धान दिवस</td><td>असार १५ गते आइतबार</td><td>प्रदेशका जुम्ला जिल्ला बाहेक ९ जिल्ला</td></tr>
<tr><td>चैत्र १२ गते बिहीबार</td><td>जुम्ला जिल्ला मात्र</td></tr>
<tr><td>२.</td><td>साउने संक्रान्ति तथा देउडा पर्व</td><td>साउन १ गते बिहीबार</td><td>प्रदेश भर</td></tr>
<tr><td>३.</td><td>प्रदेश स्थापना तथा शहिद दिवस</td><td>भाद्र ४ गते बुधबार</td><td>प्रदेश भर</td></tr>
<tr><td>४.</td><td>चन्दननाथको मन्दिरमा लिङ्गो बोक्ने मेला ( असोज कृष्ण त्रयोदशी)</td><td>असोज ३ गते शुक्रबार</td><td>जुम्ला जिल्लाका प्रादेशिक र स्थानीय तहका कार्यालय मात्र</td></tr>
<tr><td>५.</td><td>कोजाग्रत पूर्णिमा</td><td>असोज २० गते सोमबार</td><td>प्रदेश भर</td></tr>
<tr><td>६.</td><td>चैते दशै ( चैत्र शुक्ल अष्टमी)</td><td>चैत्र १२ गते बिहीबार</td><td>प्रदेश भर</td></tr>
</table></td></tr>
<tr><td>६.</td><td>उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय</td><td>संलग्न सूची बमोजिमका पदाधिकारी संलग्न रहने गरी पर्यटन प्रवर्धन समिति गठन गर्ने।
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>पद</th><th>संलग्न निकाय/ ठेगाना</th></tr>
<tr><td>१</td><td>दीर्घ नारायण कोइराला</td><td>अध्यक्ष</td><td>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय</td></tr>
<tr><td>२</td><td>देवकृष्ण रोकाय</td><td>सदस्य</td><td>रारा छाँयानाथ-९, मुगु</td></tr>
<tr><td>३</td><td>भानुभक्त खड्का</td><td>सदस्य</td><td>वीरेन्द्रनगर नगरपालिका-१०, सुर्खेत।</td></tr>
<tr><td>४</td><td>पदम बहादुर शाही</td><td>सदस्य</td><td>वीरेन्द्रनगर नगरपालिका-०६, सुर्खेत।</td></tr>
<tr><td>५</td><td>महेन्द्रजङ्ग शाही</td><td>सदस्य</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td></tr>
<tr><td>६</td><td>रमेश सुवेदी</td><td>सदस्य</td><td>भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय</td></tr>
<tr><td>७</td><td>भरतबन्धु थापा</td><td>सदस्य</td><td>नारायण नगरपालिका-७, दैलेख</td></tr>
<tr><td>८</td><td>कार्यकारी निर्देशक</td><td>सदस्य-सचिव</td><td>पर्यटन प्रवर्धन समिति</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>२.खण्ड १ को क्र.सं. १ को हकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सचिवको सरुवा वा परिवर्तन भएकोमा सचिवको पदमा कार्यरत व्यक्ति स्वतः अध्यक्ष हुने।<br>३.खण्ड १ को क्र.सं. ५ र ६ को हकमा सम्बन्धित मन्त्रालयबाट उल्लिखित कर्मचारी सरुवा भएकोमा उक्त मन्त्रालयबाट तोकेको नवौ तथा दशौ तह वा सो सरहको कर्मचारी सदस्य हुने।<br>४.खण्ड १ को क्र.सं. ८ को हकमा कार्यकारी निर्देशक नियुक्त भई नसकेको अवस्थामा मन्त्रालयले अधिकृतस्तरको कुनै कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा तोक्ने।</td></tr>
<tr><td>७.</td><td>उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय</td><td>कर्णाली प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने।</td></tr>
<tr><td>८.</td><td>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय</td><td>जिल्लामा देहायको खर्च शिर्षकबाट रकमान्तर गरी "दैवी प्रकोप राहत कार्यक्रममा थप बजेट व्यवस्थापन" गर्न स्वीकृत गर्ने।<br><u>देहायः-</u>
<table>
<tr><th colspan="4">घटाउनुपर्ने रकम</th><th rowspan="2">रकम (रु. हजारमा)</th></tr>
<tr><th>क्र.स.</th><th>बजेट उपशिर्षक/ कार्यालय</th><th>खर्च शिर्षक</th><th>क्रियाकलापको नाम</th></tr>
<tr><td>१</td><td>३१२००९०३<br>भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,सुर्खेत</td><td>२६४१३</td><td>बैंक मार्फत व्याज अनुदान सहयोग कार्यक्रम</td><td>७३८२</td></tr>
<tr><td colspan="4">जम्मा घटाउनुपर्ने रकमः अक्षरुपी त्रिहत्तर लाख बयासी हजार मात्र ।</td><td>७३८२</td></tr>
</table>
<table>
<tr><th colspan="6">बढाउनुपर्ने रकम</th></tr>
<tr><th>क्र.स</th><th>बजेट उपशिर्षक</th><th>खर्च शिर्षक</th><th>क्रियाकलापको नाम</th><th>सुरु विनियोजन रकम रु.हजारमा</th><th>थप गर्नुपर्ने बजेट रु.हजारमा</th></tr>
<tr><td>१</td><td>३१२०१९०१ कृषि विकास कार्यालय,दैलेख</td><td>२२५२२</td><td>दैवी प्रकोप राहत कार्यक्रम</td><td>३००</td><td>५२०४</td></tr>
<tr><td>२</td><td>३१२०१९०१ कृषि विकास कार्यालय, मुगु</td><td>२२५२२</td><td>दैवी प्रकोप राहत कार्यक्रम</td><td>५००</td><td>१५००</td></tr>
<tr><td>३</td><td>३१२०१९०१ कृषि विकास कार्यालय, हुम्ला</td><td>२२५२२</td><td>दैवी प्रकोप राहत कार्यक्रम (नयाँ थप गर्नुपर्ने)</td><td>०</td><td>६७८</td></tr>
<tr><td colspan="4">जम्मा बढाउनुपर्ने रकमः अक्षरुपी त्रिहत्तर लाख बयासी हजार मात्र ।</td><td>८००</td><td>७३८२</td></tr>
</table></td></tr>
<tr><td>९.</td><td>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय</td><td>मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।</td></tr>
<tr><td>१०.</td><td>जलस्रोत तथा उर्जा विकास मन्त्रालय</td><td>लागत साझेदारी सम्बन्धी बजेट व्यवस्थापन क्रमागत रुपमा कर्णाली प्रदेश सरकारले सुनिश्चित गर्ने र त्रिपक्षीय लागत साझेदारी पत्रमा कर्णाली प्रदेश सरकारको तर्फबाट हस्ताक्षर गर्न जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, सुर्खेतका प्रदेश सचिवलाई अख्तियारी प्रदान गर्ने।</td></tr>
<tr><td>११.</td><td>जलस्रोत तथा उर्जा विकास मन्त्रालय</td><td>खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यानको खर्च शिर्षक नं. ३११५६ क्रियाकलाप नं. ११.४.१६.३५५१, ११.४.१६.३५५२ र ११.४.१६.३५९१, मा रहेका आयोजनाहरूमा छत्रेश्वरी गाउँपालिकाको ज्यामिरे खानेपानी योजना, छत्रेश्वरी-०३ मा रु.५०,००,०००/- (अक्षरेपी पचास लाख मात्र), पन्नेताल खानेपानी योजना, छत्रेश्वरी-०७ मा रु.५०,००,०००/- (अक्षरेपी पचास लाख मात्र) गरी छत्रेश्वरी गाउँपालिकाबाट कार्यान्वयन हुने गरी</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| | | रु.१,००,००,०००/- (अक्षरेपी एक करोड मात्र) र हिमचौर अधुरो लिफ्ट खानेपानी आयोजना, बागचौर-०६ को बागचौर नगरपालिकाबाट कार्यान्वयन हुने गरी रु.५०,००,०००/- (अक्षरेपी पचास लाख मात्र) गरी कूल रकम रु.१५०,००,०००/- (अक्षरेपी एक करोड पचास लाख मात्र) बजेट हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| १२. | सामाजिक विकास मन्त्रालय | मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल चैत्र २१ गते बिहीबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" स्वीकृत गर्ने। |